नेपाल प्रहरी सेवा अन्तर्गत जनपद तर्फको प्रहरी निरीक्षक (प्र.नि.) पदको पाठ्यक्रम

परीक्षा योजना (Examination Scheme)

यस परीक्षा योजनालाई विभिन्न चरण गरी देहाय बमोजिम पाँच चरणमा विभाजन गरीएको छ।

क्र.सं.	परीक्षा चरण	विवरण	पूर्णाङ्क	उत्तीर्णाङ्क
१.	**प्रथम चरण (First Phase)**	दरखास्त छनौट Application Screening	-	-
		प्रारम्भिक स्वास्थ्य परीक्षण Initial Medical Check-up (IMCE)	-	-
२.	**द्वितीय चरण (Second Phase)**	शारीरिक तन्दुरूस्ती मूल्याङकन Physical Endurance Evaluation Test (PEET)	५०	२०
		विस्तृत स्वास्थ्य परीक्षण Detailed Medical Check-up	-	-
३.	**तृतीय चरण (Third Phase)**	सामान्य ज्ञान तथा बौद्धिक परीक्षण General Ability and Reasoning Test (GART)	१००	४०
		लिखित सञ्चार सिप परीक्षण Language Proficiency Test (LPT)	१००	४०
		पेशागत अभिवृत्ति परीक्षण Professional Orientation Aptitude Test (POAT)	१००	४०
४.	**चतुर्थ चरण (Fourth Phase)**	विशेष स्वास्थ्य परीक्षण Special Medical Check-up	-	-
५.	**पाँचौं चरण (Fifth Phase)**	सक्षमता परीक्षण Competency Test: Presentation	१०	-
		अन्तरवार्ता तथा सिफारिस Board Interview (Evidence Based Interview) & Recommendation	४०	-

नेपाल प्रहरी सेवा अन्तर्गत जनपद तर्फको प्रहरी निरीक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

प्रथम चरण

(First Phase)

१. दरखास्त छनौट (Application Screening)

तोकिएको योग्यता पुरा गरी विधिवत रुपमा दरखास्त पेश गरेका उम्मेद्वारहरुको दरखास्त स्वीकृत गरिन्छ ।

२. प्रारम्भिक स्वास्थ्य परीक्षण

Initial Medical Check-up Examination (IMCE)

प्रहरी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, २०६९ को दफा १० मा उल्लेख भए अनुसार अनुसूची–६ बमोजिम लिने ।

द्वितीय चरण

(Second Phase)

३. शारीरिक तन्दुरुस्ती मूल्याङ्कन परीक्षा Physical Endurance Evaluation Test (PEET)

ईभेन्टस्	३०० मि.दौड	हाई जम्प	सिट अप	पुस अप	चिन अप / पुलअप	३.२ कि.मी. (२ माइल) दौड	जम्मा अंक
पूर्णाङ्क	१०	५	५	५	५	२०	५०
उत्तीर्णाङ्क	४	२	२	२	२	८	२०

नोटः-

- शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार परिशिष्ट (क) बमोजिम हुनेछ ।
- कुनै पनि ईभेन्ट्मा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन ।

४. विस्तृत स्वास्थ्य परीक्षण (Detailed Medical Check-up)

1. Height, weight and chest measurement.
2. Chest Check up (X-ray report)
3. Urine Test.
4. Ear, Nose and Throat Check up.
5. Dental Check up.
6. General Physic Check up (Surgical Test)
7. Blood Pressure and pulse Check up.
8. Eye Test (Colour Blind and Vision Power)
9. General Personality Observation.
10. Psychiatric Checking.
11. Color Blind Test

नोटः- विस्तृत स्वास्थ्य तथा विशेष स्वास्थ्य परीक्षण गरिनु पूर्व परीक्षणमा हेरिनु पर्ने विषयहरु स्वास्थ्य विशेषज्ञको राय लिई पदपूर्ति समितिले स्वीकृत गरेको हुनु पर्नेछ ।

तृतीय चरण (Third Phase)

लिखित परीक्षा (Written Examination)

लिखित परीक्षा देहाय वमोजिमको परीक्षा योजना अनुसार हुनेछ।

परीक्षण क्षेत्र (Test Domain)	पत्र	विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	प्रश्न संख्या ×अंक	समय
सामान्य ज्ञान तथा बौद्धिक परीक्षण General Ability and Reasoning Test (GART)	प्रथम	(क) सामान्य ज्ञान (General Knowledge)	१००	४०	वस्तुगत (Objective): बहुवैकल्पिक प्रश्न (MCQs)	२५ प्रश्न × २ अंक	५० मिनेट
		(ख) बौद्धिक परीक्षण (Reasoning Test)				२५ प्रश्न × २ अंक	
लिखित सञ्चार सिप परीक्षण Language Proficiency Test (LPT)	द्वितीय	(क) अंग्रेजी भाषा (English Language)	४०	१६	विषयगत (Subjective)	पाठ्यक्रममा उल्लेख भए अनुसार	२ घण्टा ३० मिनेट
		(ख) नेपाली भाषा (Nepali Language)	६०	२४	विषयगत (Subjective)		
पेशागत अभिवृत्ति परीक्षण Professional Orientation Aptitude Test (POAT)	तृतीय	(क) पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge)	१००	४०	विषयगत (Subjective)	१० प्रश्न × ५ अंक २ प्रश्न × १० अंक	३ घण्टा (२ घण्टा १५ मिनेट र ४५ मिनेट)
		(ख) पेशागत व्यवहारीक परीक्षण (Professional Behavioral Test)				२ प्रश्न × ५ अंक २ प्रश्न × १० अंक	

नेपाल प्रहरी

प्रथम पत्र (Paper I)

सामान्य ज्ञान तथा वौद्धिक परीक्षण

General Ability and Reasoning Test (GART)

खण्ड क (Section A)

सामान्य ज्ञान (General Knowledge)

पूर्णाङ्क ५०

१. **भूगोल**
   - नेपालको भूगोलः अवस्थिती, हावापानी, हिमश्रृंखला, नदीनाला, ताल तलैया र वनजंगल
   - विश्वको भूगोलः महादेश, महासागर, नदीनाला, पर्वत श्रृंखला
२. **इतिहास, संस्कृति र सामाजिक अवस्था**
   - विश्वका प्रमुख ऐतिहासिक घटनाहरु: म्याग्नाकार्टा, विश्वयुद्ध, औद्योगिक क्रान्ति, पुनर्जागरण, अमेरिकी स्वतन्त्रता, फ्रेन्च राज्य क्रान्ति, भारत र चीनको शासन व्यवस्था सम्बन्धी सामान्य जानकारी
   - नेपालको प्राचीनकाल तथा मध्यकालको राजनीतिक, आर्थिकएवं सामाजिक सांस्कृतिक अवस्था
   - आधुनिक नेपालको इतिहास: पृथ्वीनारायण शाह देखि वर्तमान अवस्था सम्मको राजनीतिक, आर्थिक एवं सामाजिक सांस्कृतिक अवस्था
   - नेपालका ऐतिहासिक युद्ध तथा सम्झौताहरु
   - नेपालका प्रचलित धर्म, संस्कृति, जातजाति, भाषा, साहित्य र कला
३. नेपालको योजनाबद्ध विकासक्रम (योजनाहरु)
४. दिगो विकास, वातावरणीय पारिस्थिति, पर्यावरणीय संरक्षण, जलवायु परिवर्तन, जनसांख्यिकी, शहरीकरण, बसोवास, प्रदूषण, तथा राष्ट्रिय सम्पदा, राष्ट्रिय निकुञ्ज तथा आरक्षित क्षेत्रको संरक्षण सम्बन्धी जानकारी
५. कम्प्युटर, मोवाइल, इमेल-इन्टरनेट,सामाजिक सञ्जाल, ड्रोन, रोवोट जस्ता नविनतम प्रविधिले मानव जिवनमा पारेको प्रभाव
६. संयुक्त राष्ट्रसंघ तथा यसको मिसनमा नेपाल प्रहरीको सहभागिता
७. SAARC, BIMSTEC, ASEAN, European Union, NATO, INTERPOL, SAARC POL सम्बन्धी जानकारी
८. राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, खेलकूद, पुरस्कार, कला र साहित्य सम्वन्धि समसामयिक घटना तथा नवीनतम गतिविधिहरुवारे सामान्य जानकारी
९. नेपालको संविधान सम्वन्धी जानकारी
१०. वंश (Gene) , वंशाणु (Genetics) र विधि विज्ञान (Forensic Science) सम्बन्धी सामान्य जानकारी
११. नेपालका सुरक्षा निकायहरु सम्बन्धी समसामयिक जानकारी, दर्ज्यानी चिन्ह, पद तथा श्रेणी, ट्राफिक संकेत सम्बन्धी जानकारी

खण्ड (ख) वौद्धिक परीक्षण
Section (B) Reasoning Test

पूर्णाङ्क ५०

1. **Verbal Reasoning:** **8 Question x 2 marks =16 Marks**
   Series, Analogy, Classification, Coding-Decoding, Matrix, Ranking Order Test, Direction and Distance Sense Test, Logical Reasoning, Assertion and Reason, Statement and Conclusions, Statement and Course of Action, Situational Judgment.

2. **Numerical Reasoning:** **5 Question x 2 marks =10 Marks**
   Series, Analogy, Classification, Coding-Decoding, Matrix, Common Property, Data Interpretation & Data Verification, Date/Calendar.

3. **Arithmetical Test:** **5 Question x 2 marks =10 Marks**
   Arithmetical Operations, Percentage, Ratio, Fraction, Decimal, Average, Profit and Loss, Time and Work.

4. **Non-Verbal Reasoning:** **7 Question x 2 marks =14 Marks**
   Figure series, figure analogy, figure classification, figure matrix, pattern completion/finding, figure formation and analysis, rule detection, dot situation, water/mirror image, Venn-diagram, construction of triangles and squares.

नेपाल प्रहरी

दोस्रो पत्र (Second II)

लिखित सञ्चार सिप परीक्षण
Language Proficiency Test (LPT)
खण्ड क
अंग्रेजी भाषा परीक्षण
(English Language Test)

Full Marks - 40

1. Comprehension: 5 Question x 2 Marks = 10 Marks
   A passage is given and five questions will be followed.
2. Accurate Summary **OR** Elaboration: 1 Question x 5 Marks = 5 Marks
   Candidates will be asked to summarize a given paragraph **OR** elaborate a given statement
3. Report/letter Writing 1 Question x 10 Marks = 10 Marks
   - Informal Letter writing
   - Business Letter writing
   - Official Letter and Applications writing
   - Crime and incident report
   - Event or ceremony report
4. Translation: 1 Question x 5 Marks = 5 Marks
   A short Nepali **OR** English text will be given for translation into English **OR** Nepali.
5. Grammar 5 Question x 2 Marks = 10 Marks
   a. Use of correct parts of speech
   b. Tense
   c. Word order
   d. Voice
   e. Reported speech (Narration)
   f. Relative clause
   g. Fill in the gaps (Preposition)
   h. Punctuation

नेपाल प्रहरी

खण्ड ख
नेपाली भाषा परीक्षण
(Nepali Language Test)

पूर्णाङ्क ६०

१. नेपाली लेखन **३५ अंक**

१.१ समसामयिक शीर्षकमा निवन्ध लेखन १० अंक

१.२ निर्धारित विषयका सम्बन्धमा प्रतिवेदन वा निवेदन लेखन १० अंक

१.३ विभिन्न विषयको पत्र–ताकेता पत्र, प्रतिउत्तर पत्र, निमन्त्रणा र विज्ञापन लेखन १० अंक

१.४ समसामयिक विषयमा टिप्पणी लेखन ५अंक

२. नेपाली व्याकरण **५ प्रश्न ×३ अंक = १५ अंक**

२.१ नाम, सर्वनाम, क्रियापद, विशेषण र निपात

२.२ वाच्य, उक्ति परिवर्तन (प्रत्यक्ष/अप्रत्यक्ष)

२.३ समास

२.४ प्रत्यय, उपसर्गको प्रयोग

२.५ वाक्यांश संश्लेषण: सरल वाक्यवाट संयुक्त र मिश्र वाक्य संश्लेषण

२.६ शुद्धाशुद्धी

३. विविध **५ प्रश्न ×२ अंक = १० अंक**

३.१ विभिन्न शव्दहरुको वाक्यमा प्रयोग, वाक्यको मेल

३.२ उखान टुक्काको अर्थ तथा भाव खुल्ने गरी वाक्यमा प्रयोग

३.३ अनुच्छेदको संक्षेपीकरण

३.४ अनुच्छेदको विस्तृतीकरण

३.५ अनुच्छेदवाट बुँदा टिपोट

नेपाल प्रहरी

तृतीय पत्र (Paper III)

पेशागत अभिवृत्ति परीक्षण
(Professional Orientation Aptitude Test (POAT))

पूर्णाङ्क १००
समय : २ घण्टा १५ मिनेट

खण्ड क (Section A)
पेशागत सैद्धान्तिक ज्ञान
(Professional Knowledge)

१. नेपाल प्रहरी परिचय **१० अंक (२ प्रश्न × ५ अंक)**

१.१ नेपालमा प्रहरी सेवाको ऐतिहासिक पृष्ठभूमि तथा विद्यमान अवस्था
१.२ नेपाल प्रहरीको काम, कर्तव्य र पालना गर्नुपर्ने आचरणहरु
१.३ नेपाल प्रहरीको संगठनात्मक संरचना
१.४ प्रहरी कर्मचारीमा हुनुपर्ने गुणहरु

२. सुरक्षा व्यवस्थापन **१० अंक (२ प्रश्न × ५ अंक)**

२.१ सुरक्षाको अवधारणा, महत्व, परम्परागत तथा नवीनतम प्रवृत्तिहरु
२.२ सुरक्षा सतर्कता: योजना तथा कार्यान्वयन
२.३ राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा नेपालको आन्तरिक तथा वाह्य सुरक्षा चुनौतिहरु
२.४ नेपालमा राष्ट्रिय सुरक्षाका विद्यमान प्रावधानहरु एवं सुरक्षा समितिहरु (संघीय, प्रादेशिक र स्थानीय)/अन्य सुरक्षा निकाय बिचको समन्वय र सहकार्य
२.५ सुरक्षा व्यवस्थापनमा खबर संकलन, खबर विश्लेषण, प्रहरी गस्ती तथा प्रतिवेदनको महत्व
२.६ विपद/संकट व्यवस्थापन
२.७ भिडः अवधारणा, व्यवहार, भिड नियन्त्रणका उपायहरु

३. अपराध र अपराध अनुसन्धान **१५ अंक (१ प्रश्न × १० अंक, १ प्रश्न × ५ अंक)**

३.१ अपराधः परिचय, प्रकार र कारण
३.२ नेपालमा संगठित अपराध, सिमा अपराध, तस्करी, लागुऔषध, मानव वेचविखन, आतङ्कवाद, साइबर क्राइम, वाल अपराध, लैंगिक तथा घरेलु हिंसाका विद्यमान अवस्था र चुनौतिहरु
३.३ अपराध अनुसन्धान: परिचय, महत्व र विधिहरु
३.४ जाहेरी दरखास्तः परिचय र महत्व
३.५ घटनास्थल ब्यवस्थापन तथा संरक्षण
३.६ खानतलासीः परिभाषा, खानतलासी गर्दा ध्यान दिनुपर्ने कुराहरु
३.७ पक्राउ र हिरासत गर्नु पूर्व अपनाउनुपर्ने विधिहरु
३.८ प्रमाणः परिचय, प्रमाण संकलन गर्दा ध्यान दिनु पर्ने कुराहरु
३.९ विवाद, मेलमिलाप तथा मध्यस्थता
३.१० अपराध नियन्त्रणमा नागरिक समाजको भूमिका

४. प्रहरी व्यवस्थापन **१५ अंक (१ प्रश्न × १० अंक, १ प्रश्न × ५ अंक)**

४.१ अभिलेख व्यवस्थापन
४.२ श्रोत साधनको व्यवस्थापन
४.३ नेतृत्व, उत्प्रेरणा, निर्णय प्रक्रिया, समुह कार्य तथा समन्वय
४.४ प्रहरी सेवा प्रवाह तथा सुशासन
४.५ सञ्चार तथा यसका प्रकार
४.६ तनाव व्यवस्थापन
४.७ मानव अधिकार तथा संयुक्त राष्ट्र संघमा नेपाल प्रहरीको सहभागिता र भूमिका
४.८ इण्टरपोल: परिचय र इन्टरपोलद्वारा जारी हुने सूचनाहरु

५. कानुनी व्यवस्था **२० अंक (४ प्रश्न × ५ अंक)**

५.१ नेपालको संविधान र यसका विशेषताहरु
५.२ प्रहरी ऐन, २०१२ तथा प्रहरी नियमावली, २०७१
५.३ मुलुकी अपराध संहिता, २०७४ को भाग २, परिच्छेद २, ३, ४, ५, ६,१२,१८ र २०
५.४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद २ र ६
५.५ कसुरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५
५.६ स्थानीय प्रशासन ऐन, २०२८ को परिच्छेद ३

खण्ड ख (Section B)
पेशागत व्यवहारीक परीक्षण
(Professional Behavioral Test)

३० अंक
समय : ४५ मिनेट

यस पत्रमा प्रहरीले दैनिक रुपमा गर्नुपर्ने कार्यहरुः गस्ती, अपराधको सूचना, जाहेरी दरखास्त, अपराध अनुसन्धान, खानतलासी, पक्राउ, थुनछेक, सवारी दुर्घटना, लैंगिक तथा घरेलु हिंसा, भिड नियन्त्रण, उद्धार कार्य लगायतका कार्यहरुसंग आधारित रही दिइएका विषयहरुमा प्रश्न सोधिनेछ।

1. Critical analysis/problem solving	**५ अंक**
2. Situational travel time	**५ अंक**
3. Incident Report writing	**१० अंक**
4. Simulation/work sample	**१० अंक**

चतुर्थ चरण (Fourth Phase)

विशेष स्वास्थ्य परीक्षण
(Special Medical Check-up)

विशेष स्वास्थ्य परीक्षण परीक्षामा गरिने परीक्षणहरू

१. HIV AIDS
२. हेपाटाइटिस बि लगायत अन्य जटिल शंकास्पद रोगहरू

नोट:
विस्तृत स्वास्थ्य तथा विशेष स्वास्थ्य परीक्षण गरिनु पूर्व परीक्षणमा हेरिनु पर्ने विषयहरू स्वास्थ्य विशेषज्ञको राय लिई पदपूर्ति समितिले स्वीकृत गरेको हुनु पर्नेछ।

पाँचौं चरण (Fifth Phase)

सक्षमता परीक्षण (Competency Test)

विषय	पूर्णाङ्क	परीक्षा प्रणाली	समय
Presentation	१०	मौखिक	
Board Interview (Evidence Based Interview)	४०	मौखिक	

अन्तरवार्ता तथा सिफारिस
(Interview & Recommendation)

पाठ्यक्रम लागू मिति:- २०७६/०८/२७ गते।

परिशिष्ट-(क)

प्रहरी निरीक्षक (जनपद) पदको शारीरिक तन्दुरुस्ती परीक्षाको अंकभार

ईभेन्ट्स	३०० मि.दौड	हाई जम्प	सिट अप	पुस अप	चिन अप/ पुलअप	३.२ कि.मी. (२ माईल) दौड	जम्मा अंक
पूर्णाङ्क	१०	५	५	५	५	२०	५०
उत्तीर्णाङ्क	४	२	२	२	२	८	२०

नोटः- कुनै पनि ईभेन्टमा अनुत्तीर्ण हुने उम्मेदवारलाई सो भन्दा पछि हुने ईभेन्टमा सहभागी गराईने छैन।

(१) ३०० (तीन सय) मिटर दौड

क्र.सं.	पुरुषको लागि समयावधि	पुरुष/महिला अंकः १०.००	महिलाको लागि समयावधि
१.	४५ सेकेण्ड वा सो भन्दा कम	१०.००	५५ सेकेण्ड वा सो भन्दा कम
२.	४७ सेकेण्ड सम्म	९.००	५७ सेकेण्ड सम्म
३.	४९ सेकेण्ड सम्म	८.००	५९ सेकेण्ड सम्म
४.	५१ सेकेण्ड सम्म	७.००	६१ सेकेण्ड सम्म
५.	५३ सेकेण्ड सम्म	६.००	६३ सेकेण्ड सम्म
६.	५४ सेकेण्ड सम्म	५.००	६५ सेकेण्ड सम्म
७.	**५६ सेकेण्ड भित्र सम्म**	**४.००**	**६७ सेकेण्ड भित्र सम्म**
८.	५६ सेकेण्ड भन्दा बढी	अनुत्तीर्ण	६७ सेकेण्ड भन्दा बढी

(२) हाई जम्प

क्र.सं.	पुरुषको लागि उचाई	पुरुष/महिला अंकः ५.००	महिलाको लागि उचाई
१.	४.५ फिट सम्म	५.००	३.५ फिट सम्म
२.	४ फिट सम्म	४.००	३ फिट सम्म
३.	३.५ फिट सम्म	३.००	२.५ फिट सम्म
४.	**३ फिट सम्म**	**२.००**	**२ फिट सम्म**
५.	३ फिटसम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	२ फिटसम्म पनि गर्न नसक्ने
तिन पटकसम्म प्रयास गर्न पाउने			

(३) सिट अप

क्र.सं.	पुरुषको लागि पटक	पुरुष/महिला अंक: ५.००	महिलाको लागि पटक
१.	२० पटक वा सो भन्दा माथि	५.००	१५ पटक वा सो भन्दा माथि
२.	१८ पटक सम्म	४.००	११ पटक सम्म
३.	१५ पटक सम्म	३.००	८ पटक सम्म
४.	**१२ पटक सम्म**	**२.००**	**५ पटक सम्म**
५.	१२ पटक सम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	५ पटक सम्म पनि गर्न नसक्ने

(४) पुस अप

क्र.सं.	पुरुषको लागि पटक	पुरुष/महिला अंक: ५.००	महिलाको लागि पटक
१.	२० पटक वा सो भन्दा माथि	५.००	१४ पटक वा सो भन्दा माथि
२.	१७ पटक सम्म	४.००	११ पटक सम्म
३.	१४ पटक सम्म	३.००	८ पटक सम्म
४.	**१० पटक सम्म**	**२.००**	**४ पटक सम्म**
५.	१० पटक सम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	४ पटक सम्म पनि गर्न नसक्ने

(५) चिनअप/पुलअप

क्र.सं.	पुरुषको लागि पटक	पुरुष/महिला अंक: ५.००	महिलाको लागि पटक
१.	१२ पटक वा सो भन्दा माथि	५.००	३ पटक वा सो भन्दा माथि
२.	१० पटक सम्म	४.००	२ पटक सम्म
३.	८ पटक सम्म	३.००	१ पटक सम्म
४.	**५ पटक सम्म**	**२.००**	**३० सेकेण्ड सम्म झुण्डिन सक्ने**
५.	५ पटक सम्म पनि गर्न नसक्ने	अनुत्तीर्ण	३० सेकेण्ड सम्म पनि झुण्डिन नसक्ने

(६) ३.२ कि.मि. (२ माईल) दौड

क्र.सं.	पुरुषको लागि समयावधि	पुरुष/महिला अंक: २०.००	महिलाको लागि समयावधि
१.	१४ मिनेट वा सो भन्दा कम	२०.००	१८ मिनेट वा सो भन्दा कम
२.	१५ मिनेट सम्म	१६.००	१९ मिनेट सम्म
३.	१६ मिनेट सम्म	१२.००	२० मिनेट सम्म
४.	१७ मिनेट सम्म	१०.००	२१ मिनेट सम्म
५.	**१८ मिनेट भित्र सम्म**	**८.००**	**२२ मिनेट भित्र सम्म**
६.	१८ मिनेट भन्दा बढी	अनुत्तीर्ण	२२ मिनेट भन्दा बढी

पेशागत व्यवहारिक परीक्षण
(Professional Behavioral Test)
(परीक्षार्थीको लागि निर्देशन)

१. नेपाल प्रहरीमा प्रहरी अधिकृत स्तरको कर्मचारीलाई आवश्यक पर्ने सक्षमताहरु (Competencies) को मापन गर्ने गरी यो पेशागत व्यवहारिक परीक्षण परीक्षा समावेश गरिएको हो।

२. लिखित परीक्षा योजना अन्तर्गत तृतीय पत्रमा रहेको पेशागत अभिवृत्ति परीक्षण (Professional Orientation Aptitude Test) विषयको **खण्ड 'क'** मा रहेको पेशागत सैद्धान्तिक ज्ञान (Professional Knowledge) को लिखित परीक्षा समाप्त भएपश्चात **खण्ड 'ख'** मा रहेको पेशागत व्यवहारिक परीक्षण (Professional Behavioral Test) प्रहरी निरीक्षक पदको लागि अंकभार ३० र समयावधी ४५ मिनेटको तोकिएको छ।

२.१ पेशागत अभिवृत्ति परीक्षण को २ घण्टा १५ मिनेटको परीक्षा समाप्ति पश्चात खण्ड क को उत्तर पुस्तिका बुझाउनु पर्नेछ र परीक्षार्थीहरु यथास्थानमै रहनु पर्नेछर सोही वखतमा खण्ड ख को प्रश्नपत्र सहितको उत्तरपुस्तिका वितरण हुनेछ र उक्त खण्डको नाम नामेसी विवरण भर्न र सोही उत्तरपुस्तिकाको बाहिर रहेको निर्देशन अध्ययन गर्न १० मिनेटको समय रहनेछ।

२.२ खण्ड क को परीक्षा समाप्त भए पश्चात दिईएको १० मिनेटमा भित्र निर्देशन पढ्ने र विवरण भर्ने कार्य गर्नु पर्नेछ र परीक्षा शुरु गर्ने संकेत घण्टी नलागेसम्म उक्त बाहिरी पेज बाहेक अन्य पाना हेर्न, पल्टाउन वा अध्ययन गर्न पाईनेछैन।

२.३ परीक्षार्थी वा परीक्षा संचालन गर्ने कर्मचारी कसैले प्रश्नपत्र/उत्तरपुस्तिकालाई लैजान, नक्कल गर्न वा फोटो खिच्ने लगायतका कार्य गर्न गराउन पाइने छैन।

३. पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत **प्रहरी निरीक्षक** पदको लागि Critical Analysis/Problem Solving, Situational Travel Time, Incident Report Writing र Simulation or Work Sample विषयको परीक्षण गरिने छ।

४. पेशागत व्यवहारिक परीक्षण खण्ड अन्तर्गत निम्न विषयवस्तुको सम्बन्धमा परीक्षार्थीहरुको सक्षमताहरु (Competencies) परीक्षण गरिने छ।

(क) Critical Analysis/Problem Solving: यस परीक्षणमा पेशासंग (शान्ति सुरक्षा संग सम्बन्धित कुनै घटना, परिघटना, सुचना प्राप्ति, सर्तकता आदि) सम्वन्धित विषयवस्तु उम्मेदवारलाई विवरणको रुपमा प्रदान गरिन्छ। उम्मेदवारले सोको विस्तृत अध्ययन गरे पछि सो परिघटनाहरुलाई सम्बन्धित पदको कार्य संग सम्बन्धित रहेर कसरी बुझ्छ र सो सम्वन्धमा के पहल वा कार्य गर्दछ भन्ने कुरा क्रमिक रुपमा बुँदागत रुपमा लेख्नु पर्नेछ।

(ख) Situational Travel Time: यस परीक्षणमा समाजको कुनै स्थान विशेष (शहर, गाँउ, टोल) को शान्ति सुव्यवस्था खल्वल्याउने विषयवस्तु, घटना परिघटनाको बढावा हुनसक्ने सम्भावना एवं परिस्थितिको विश्लेषण गरी उक्त क्षेत्रको नाप, नक्सा बाटो (कच्ची, पक्की

निर्माणमा अवरोध भएको आदि कम वा धेरै समय लाग्ने) को समेत अध्ययन गरी उक्त स्थानमा पुग्न लाग्ने समय र जाने तरीका (पैदल वा सवारी साधनबाट) को उल्लेख गर्नु पर्नेछ ।

(ग) Incident Report Writing: यस परीक्षणमा समाज घट्ने कुनै पनि घटनाको यथार्थ वस्तुस्थितिको सहितको घटना विवरण दिइन्छ । परीक्षार्थीहरुले उक्त विवरण ध्यानपूर्वक अध्ययन गरी सोधिएका प्रश्नहरुको छोटो उत्तर दिनु पर्नेछ ।

(घ) Simulation or Work Sample: यस परीक्षणमा नेपाल प्रहरीको विभिन्न प्रहरी युनिटहरुमा नियमित र आकस्मिक रुपमा गर्नुपर्ने कार्यहरुको श्रृंखलाहरुलाई वास्तविक जीवन्त परिस्थितिसंग मेलखाने किसिमका कार्यहरुको नमुना, उम्मेदवारको जिम्मेवारी र भूमिका समेत उल्लेख गरी विषयवस्तु उपलब्ध गराईन्छ र उक्त जिम्मेवारीलाई सो व्यक्तिले के कस्तो तर्कका आधारमा किन र कसरी प्राथमिकीकरण गर्दछ भन्ने कुरा क्रमिकरुपमा लेख्नु पर्नेछ ।

साथै Simulation or Work Sample मा दिइएको घटना विवरणको विषय वस्तुले इंकित गरेको महत्व (Importance) र जरुरीपन (Urgency) का आधारमा तपाईले समाधान गर्दा घटनाको गाम्भीर्यतालाई ध्यानमा राखि पहिलो सम्पन्न गर्नु पर्ने घटनालाई १, त्यस्तै दोस्रोलाई २, तेस्रोलाई ३, चौथोलाई ४, पाँचौलाई ५ गर्दै क्रमश सो घटनालाई सम्वोधन गर्न गरिने काम कारवाहीहरु अनिवार्य रुपमा लेख्नु पर्नेछ ।

(ङ) दिइएको घटना विवरण अनुसार कार्य सम्पन्न गर्नका लागि गर्नुपर्ने मुख्य कार्य/क्रियाकलापहरु (Key Actions) र उक्त घटना जुन प्राथमिकता क्रम (Priority Order) मा तपाइले राख्नु भएको छ सो प्राथमिकता क्रममा पर्नुको कारण समेतको पुष्ट्याई (Justification) तोकिएको स्थानमा उल्लेख गर्नु पर्नेछ ।

५. परीक्षार्थीहरुले आफ्नो प्रतिक्रिया स्वरुप उत्तर उल्लेख गर्न प्रत्येक टेष्टको लागि पाना उपलब्ध हुनेछ । दिइएको निर्धारित स्थान अपुग भएमा सो पानाको पछाडी रहेको खाली भाग समेत उपयोग गर्न सकिने छ ।

६. उत्तर पुस्तिकामा निर्धारित स्थानमा उल्लेख गरिए बाहेक उम्मेदवारले आफ्नो पहिचान खुलाउने कुने प्रकारको चिन्ह वा संकेत लेख्न पाउने छैन । उल्लेख गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ ।

७. परीक्षा समयमा उपलब्ध गराईएको उत्तर पुस्तिका, प्रश्नपत्र, निर्देशन लगायत अन्य सबै सामाग्री अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।